# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २२ गते २०२३ साल

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

नेपाल राष्ट्रबैङ्क ऐन, २०१२ (संशोधनहरू सहित) को दफा ६ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राष्ट्रबैङ्कको गभर्नर पदमा डा. श्री भेष-बहादुर थापालाई नै मिति २०२३।१०।२५ देखि पुन : नियुक्त गरेको छ ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

यस मन्त्रालयको मिति २०२२।१।४ अतिरिक्ताङ्क १ नेपाल राजपत्र भाग ४ मा प्रकाशित विकास ऋण (स्टक २०२१।०२२) को सूचनाको दफा १३ को सट्टा देहायबमोजिम दफा १३ राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. ऋणको व्याजः– ऋणको व्याज २०२२ साल जेष्ठ १ गतेदेखि वार्षिक सयकडा ६ का दरले दिइने छ। यसको व्याज वर्षको दुई पटक मार्ग १ गते र जेष्ठ १ गते हिसाब गरिने छ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार
## अर्थ–मन्त्रालयको
## सूचना

यस मन्त्रालयको मिति २०२०।९।२९ संख्या ३९ नेपाल राजपत्र भाग ४ मा प्रकाशित ६ प्रतिशत विकास ऋण (स्टक) २०२० को सूचनाको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

(११) ऋणको व्याजः– ऋणको व्याज २०२० साल फागुन १ गतेदेखि वार्षिक सयकडा ६ का दरले दिइने छ। यसको व्याज वर्षको दुई पटक भाद्र १ गते र फागुन १ गते दिइने छ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार
## अर्थ–मन्त्रालयको
## सूचना

यस मन्त्रालयका सह–सचिव श्री हरिहरजङ्ग थापा बिदा बस्नुभएकोले बिदाबाट हाजिर भै कार्यभार नसम्हालेसम्मको लागि निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८ को नियम २ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अन्तःशुल्क विभागका निर्देशक श्री नरकान्त अधिकारीलाई मिति २०२३।९।१३ देखि कायम मुकायम सह–सचिव मुकरर गरेको छ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।